म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६ शुक्रबार, ३० साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 15 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७ किलो ४५० ग्राम गाँजासहित चितवनका तामाङ पक्राउ

हेटौंडा, २९ साउन/मकवानपुर प्रहरीले ७ किलो ४ सय ५० ग्राम लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको राप्ती नगरपालिका वडा नम्बर १२ तिरुवा बस्ने वर्ष २७ को रोहित चेपाङ रहेका छन् । प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीको टोलीले राजमार्गमा चेकजांच गर्ने क्रममा तामाङलाई गाँजा सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । उनका अनुसार हेटौंडा-१५ रातोमाटे चेकपोईन्ट स्थित पूर्वपश्चिम सडकखण्डमा नारायणगढबाट वीरगंजतर्फ जाँदैं गरेको ना ७ ख ६९१ नम्बरको यात्रुबाहक बसमा चेकजाँच गर्ने क्रममा तामाङको साथबाट गाँजा बरामद भएको हो । पक्राउ परेका चेपाङलाई जिल्ला अदालत मकवानपुरबाट लागूऔषध कसुर मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

### द्रुतमार्गको काम तोकिएको समयमा सम्पन्न हुने मन्त्रीकै आशंका

# प्रधानसेनापति भन्छन्: 'विश्वास गर्नुस्, तोकिएकै समयमा सम्पन्न हुन्छ'



मनिल महतो

हेटौंडा, २९ साउन/ रक्षामन्त्री मानवीर राईले २०८३ भित्रै काठमाडौं-तराई-मधेश द्रुतमार्गको काम सकिनेमा आशंका व्यक्त गरेका छन् ।

बिहीवार सिंहदरबारमा रक्षा मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवको आयोजनाको कार्यान्वयन प्रगति अवस्था, समस्या, समस्या समाधानको लागि भएका प्रयासबारे संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा छलफल भएको हो । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री राईले अहिले सर कार फास्ट ट्रयाकमा केन्द्रित रहेको र नेपालमा अन्तर्राष्ट्रियस्तरको बाटो बनिरहेको बताएका छन् । उनले २०८३ सम्म बन्छ भन्ने विश्वास नलागेको तर, मेलम्चीको जस्तो लामो समय नलाग्ने बताए ।

सडक निर्माणका क्रममा नेपालमा जमिनको समस्या हुने गरेको पनि उनले बताए । अन्य देशमा जमिन सरकारको नाममा हुने भएकाले कुनै समस्या नहुने तर, नेपालमा व्यक्तिको नाममा जमिन हुँदा विभिन्न अवरोध हुने गरेको मन्त्री राईले उल्लेख गरे । 'फास्ट ट्रयाकमा हामी केन्द्रित छौँ । नेपालमा अन्तर्राष्ट्रियस्तरको बाटो बन्दैछ । नेपालको जमिन व्यक्तिको नाममा दर्ता छ । छिमेकी देश चीनलगायतमा जमिन सरकारी हुन्छन्, निजी हुँदैनन् । डिजाइन गर्न अप्ठ्यारा हुँदो रहेनछ । तर, काम गर्दै जाँदा सकिँदो रहेछ । बाटो राम्रो हुँदोरहेछ, सुरुङमार्ग बन्दा रहेछन् भन्ने प्रमाणित भइसकेको छ' उनले भने, 'जमिन र जंगल समस्या हो ।

जंगलको कानून मन्त्री परिषद्ले समेत ऋस गर्न सक्दो रहेनछ । हामीले सच्यायौँ । त्यसबेला ठूला पार्टीले जंगल पनि बेचेर खाने भए भन्ने आरोप खेप्नुपर्‍यो । तर, त्यो झन्झटबाट मुक्त भयौं । २०८३ साल नआइकन सकिँदैन भन्न त नमिल्ला, निकै कठिन भएको छ । म यति भन्न चाहन्छु, मेलम्चीको आयोजना जति लम्बिँदैन । यति धेरै लामो समय लाग्दैन ।' मन्त्री राईले नेपाली सेना जुनसुकै कालखण्डको सरकारमा पनि सरकारप्रति अनुशासित ढंगले अघि बढिरहेको बताए ।

प्रधानसेनापति अशोकराज सिग्देलले काठमाडौं-तराई-मधेस द्रुतमार्गको काम समयमै सक्ने प्रतिवद्धता जनाएका छन् । उनले नेपाली सेनाले समयमै काम सम्पन्न गर्छ भन्ने विश्वासका साथ बस्न आग्रह गरे । प्रधानसेनापति सिग्देलले २०८३ को चैतसम्म सक्नुपर्ने दायित्व रहेको र अझै पनि काम सक्ने विश्वास रहेको बताए । उनले अब बनाउनुपर्ने कामहरु छिटो सकिने किसिमका रहेकाले द्रुतगतिमा काम अघि बढ्ने उल्लेख गरेका छन् । 'हाम्रो भनाइ र सोचाई काम समयमा सक्नुपर्छ भन्ने हो । २०८३ को चैत्र अन्तिमसम्म सक्नुपर्ने दायित्व छ । त्यसमा हामी प्रतिवद्ध छौं । अहिले करिव करिव ४३ प्रतिशत काम सकिसकेको छ ।

अब हुने काम छिटो सकिने खालका छन् । धेरैजसो समय इआइए गठन, टेण्डरको सम्झौता सम्मको समयमा धेरै समय गएको छ । समस्या समाधान हुने हो भने काम नसकिने भन्ने होइन । अब र फ्तार लिनसक्छ । काम धेरै सहज खालका छन्' उनले भने, 'नेपाली सेनाले समयमा काम सक्छ भनेर मानिदिनुहुन आग्रह छ । त्यसैअनुसार हामी काम गर्दछौं । खोकना प्रस्थान बिन्दु पनि हो । ६.५ किलोमिटरसम्म लम्बाई छ । ऐतिहासिक र धार्मिक हिसावले महत्वपूर्ण ठाउँ छ । सिकाली मन्दिरक्षेत्र र दाहसंस्कार गरिसकेपछि क्रियापुत्री बसने ठाउँहरु छन् । त्यसलाई छोडेर नै नयाँ डिपिआर तयार पारेका छौं ।'

प्रधानसेनापति सिग्देलले फास्ट ट्रयाक बाहेकका अन्य योजना खोकनामा नआउने ग्यारेन्टी भए धेरै बाधा स्थानीबाट नहुने बताएका छन् । अहिले बनेका संरचनाले धेरै हदसम्म प्राकृतिक विपद्बाट सुर क्षित रहेको पनि उनले दाबी गरे । प्रधानसेनापति सिग्देलका अनुसार हालसम्म द्रुतमार्गको ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ । द्रुतमार्गको लागि हालसम्म ८० अर्ब ५४ करोड रुपैयाँ खर्च भइसकेको सेनाले जनाएको छ । सुरुवातमा एक खर्ब ७५ अर्ब लगानीमा सम्पन्न गर्ने भनिए पनि द्रुतमार्गको अहिले लागत बढेर दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ पुगेको छ ।

आयोजनाअन्तर्गत जम्मा ८९ स्थानमा रहेका पुलमध्ये ८५ स्थानका पुल निर्माणको चरणमा रहेका छन् । निर्माणाधीन अधिकांश पुलको फाउन्डेसन कार्य सम्पन्न भई सुपरस्ट्रक्चरको कार्य भइरहेको छ । ५१ स्थानका पुलको फाउन्डेसन निर्माण सम्पन्न भएको छ । २६ स्थानका पुलको संरचना तथा ६ स्थानका पुलको माथिको भागको संर चनासम्मको कार्य सम्पन्न भएको नेपाली सेनाले जनाएको छ । ९.३ किलोमिटर सडकको सब-बेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडकको कालोपत्रे कार्य सम्पन्न भएको छ । कालोपत्रे गरिएको क्षेत्र बारा जिल्लामा पर्छ ।

प्रस्थानविन्दु खोकना र अन्तिमविन्दु निजगढ रहेको काठमाडौँ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७० किलोमिटर ९७७ मिटर रहेको छ । वि.सं २०७४ मा चार वर्षभित्र काम सक्नेगरी सरकारले निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो ।

### सचिवलाई मुख्यमन्त्रीको निर्देशन:

# 'समयमै सेवा वितरणलाई मुख्य एजेन्डा बनाउनुस्'



साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पारदर्शिता र समयमै सेवा वितरणलाई मुख्य एजेन्डा बनाएर काम गर्न सचिवहरुलाई निर्देशन दिएका छन् ।

प्रदेशका मन्त्रालयका सचिवहरुको बैठकमा मुख्यमन्त्री बानियाँले मन्त्रालय सञ्चालनमा दक्षता, पारदर्शिता र समयमै सेवा वितरणलाई मुख्य एजेन्डा बनाइएर काम गर्नुपर्ने बताए । मन्त्रालय र सरकारी निकायको सार्वजनिक खर्च कटौती गर्न पनि उनले निर्देशन दिएका छन् । उनले मन्त्रालय र निकायमा हुने अनावश्यक खर्च नियन्त्रण गरेर आर्थिक सुशासन कायम गर्नुपर्ने बताए । मुख्यमन्त्री बानियाँले कामको गुणस्तर सुधारका लागि कसैले काम नगरी तलब खाने प्रथा अन्त्य गर्ने र कर्मचारीको कार्यक्षमता वृद्धिमा जोड दिन आग्रह गरे ।

सरकारका महत्वपूर्ण योजना समयमै सम्पन्न गर्ने, कार्यव्यवस्था र जिम्मेवारीमा ढिलाइ नगर्ने, र एकताबद्धरुपमा कार्यसम्पादन गर्न उनले निर्देशन दिए ।

बैठक तथा संरचना सम्बन्धी प्रस्ताव समयमै तयार गर्ने, सरकारी साधनस्रोतको दुरुपयोग नियन्त्रण गर्ने, चाँडो नतिजा दिने र समयमै न्याय दिलाउने कार्यलाई प्राथमिकतामा राख्न उनको निर्देशन छ । 'नीति, निर्णय, कार्यान्वयन' लाई तीन स्तम्भ मानेर नीति स्पष्ट, निर्देशन छिटो र सेवा समयमै उपलब्ध गराउने प्रणालीलाई मजबुत बनाउनु पर्नेमा मुख्यमन्त्री बानियाँको जोड थियो ।

# पाँचजना सचिवको एकैपटक सरुवा




साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ बागमती प्रदेशका पाँचजना प्रदेश सचिवको एकैपटक सरुवा भएको छ । संघीय सरकारको मन्त्रिपरिषद् बैठकले एकैपटक ७२ जना सहसचिवहरुको सरुवा गर्दा बागमती प्रदेशका पाँचजना परेका हुन् ।

सरकारले बागमतीबाट पाँचजना प्रदेश सचिवको सरुवा गर्दा चारजनालाई मात्रै पठाएको छ । बागमतीले विगतदेखि नै प्रदेश सचिवहरुको अभाव झेल्दै आएको छ । बागमती प्रदेशमा हाल कार्यर त् आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीको सरुवा भएको छ । उनी सूचना तथा सञ्चार प्रविधि मन्त्रालय पुगेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अमृत श्रेष्ठको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारमा सरुवा भएको छ ।

सामाजिक विकास मन्त्रालयका सचिव बिनु बज्राचार्य कुँवरको गृह मन्त्रालयमा सरुवा भएको छ । मुख्यमन्त्री तथा मन्त्रि परिषद् कार्यालयका प्रदेशसचिव उदयबहादुर रानामगरको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएको छ । खानेपानी ऊर्जा तथा सिचाईं मन्त्रालयका सचिव मोहनकुमार शाक्य सरुवा भएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश पुगेका छन् । यसैगरी, सरकारले अन्य प्रदेश र संघ सरकार मातहतका कार्यालयमा कार्यरत् चार जना सहसचिवलाई बागमती प्रदेश सचिवको रुपमा सरुवा गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेशका सचिव ईन्द्रदेव भट्टको बागमती प्रदेशको मुख्यमन्त्री कार्यालयमा सरुवा भएको छ । कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहा, मध्यमस्तरीय करदाता कार्यालय काठमाडौंबाट पार्वती शर्मा र लुम्बिनी प्रदेशको युवा तथा खेलकुद मन्त्रालयका सचिव बलराम ढकालको बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा भएको हो ।

# मुख्यमन्त्री बानियाँले भेटे उपप्रधानमन्त्री सिंहलाई



साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहलाई भेटेका छन् ।

बिहीबार सिंहदरबार स्थित सहरी विकास मन्त्रालयमा भएको भेटवार्तामा उनीहरुबीच संघीय सरकार र प्रदेश सरकारबीच सहकार्य गरेर अघि बढ्ने विषयमा कुराकानी भएको थियो । भेटमा उपप्रधानमन्त्री सिंहले मुख्यमन्त्री बानियाँलाई बधाई दिएका थिए । सफल, पारदर्शी र जनमुखी कार्यकालको उनले शुभकामना दिएका थिए ।

बागमती प्रदेशका प्रमुख सहरी पूर्वाधार निर्माण, स्मार्ट सिटी परियोजना, यातायात व्यवस्थापन, अव्यवस्थित बसोबासको पुनः व्यवस्थितिकरण र वातावरणमैत्री विकासका कार्यक्रमबारे उनीहरुबीच कुराकानी भएको मन्त्री सिंहको सचिवालयले जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा सिमेन्ट उद्योग चलाउन सिफारिस

बन्द अवस्थामा रहेका सरकारी स्वामित्वका हेटौंडा र उदयपुर सिमेन्ट उद्योग पुन: सञ्चालनका लागि तत्काल पहलकदमी लिन संघीय सरकारलाई संसदीय समितिले सुझाएको छ । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले गठन गरेका दुईवटा उपसमितिले उदयपुर र हेटौंडा सिमेन्ट उद्योग तत्काल सञ्चालनका लागि सरकारीस्तरबाटै पहल गर्न सिफारिस गरेको हो । समितिले २०८१ चैत १५ मा गठन गरेका पाँचवटा उपसमितिले प्रतिवेदन पेस गरेका छन् । विभिन्न जिल्लामा रहेका सरकारी तथा निजी उद्योग र भन्सार कार्यालयको अध्ययन गर्न गठन भएकामध्ये दुईवटा उपसमितिले सरकारी स्वामित्वको उदयपुर र हेटौंडा सिमेन्ट उद्योग तत्काल सञ्चालनका लागि सिफारिस गरेका हुन् । सरकारले वैशाख १५ गते मन्त्रिपरिषद् बैठकबाट उदयपुर र हेटौंडा सिमेन्ट उद्योग निजीकरण गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै बन्द भएका ती दुई उद्योग पुन: सञ्चालनमा ल्याइएको छैन । दुवै उद्योगको स्थलगत अध्ययन गरेको संसदीय उपसमितिले सरकारी पहलबाटै तत्काल सञ्चालनमा ल्याउन सिफारिस गरेको हो । पछिल्ला वर्षहरुमा हेटौंडा सिमेन्ट उद्योगको अवस्था ओरालो लागेको छ । नाफामा जान नसकेपछि उद्योगमा चरमसंकट पैदा भएको छ । आफ्ना पूर्वाधार बिक्री गरेर तलब खानुपर्ने अवस्थामा पुगेको छ ।

उद्योगको उत्पादन ठप्प छ र खर्च यथावत छ । सानो निर्णय गर्न पनि सरकारी संयन्त्रको झण्झटिलो प्रक्रियाका कारण उद्योगले आगामी दिनमा गति लिन सक्ने सम्भावना न्यून छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको दोश्रो साताबाट पुन: सुरु हुने भनिए पनि उद्योग दीर्घकालीन संचालनको अवस्था देखिएको छैन । केही समयका लागि संचालन गरेजस्तो मात्र हुनसक्छ । उद्योगको आर्थिक अवस्था चरम संकटमा छ । गत असोजको पहिलो साताबाट सिमेन्ट उत्पादन ठप्प छ । यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो । उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको बताइएको छ । चैत्र पहिलो सातासम्ममा विद्युतको व्यवस्थापन गरेर सम्भवत चैत्र दोस्रो साताबाट उत्पादन सुरु हुने उद्योग व्यवस्थापन समितिले बताएको थियो । कामदार कर्मचारीको तलबभत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत हो । सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिर्वतन ल्याउन सकिने उद्योगको अपेक्षा छ । उद्योगलाई जीवन्त राख्न सकिने भन्दै सहयोग गर्न उद्योग ब्यवस्थापनको आग्रह छ । उद्योग संचालनका लागि अहिले आवश्यक कचचापदार्थ (क्लिङ्कर) तयारी अवस्थामा रहेको बताइएको छ । यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको थियो । उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन गरेका थिए ।

दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेका छन् । उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पीएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको थियो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेका थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी थियो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको थियो । २०६० सालको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भयो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुर्‍याएपछि पूर्णरुपमा बन्द भएको हो । उद्योग विगत केही वर्षदेखि घाटामा छ । २०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ३१ गते शनिबार १६ अगष्ट २०२५ । अष्टमी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:३९। श्रीकृष्ण जन्माष्टमी । मोहरात्री ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# आर्थिक सूचक सुधारिए, बजार सुध्रेन



✍ डा. गणेशप्रसाद खनाल

जीडीपी र प्रतिव्यक्ति आयलाई छोडेर अन्य सूचकहरूलाई हेर्दा देशको समग्र बृहत् अर्थतन्त्रका सूचक राम्रो नै मान्न सक्ने आधार छ । नेपालमा औसत मुद्रास्फीति ४.२४ प्रतिशत कायम रहनु आफैंमा अर्थतन्त्रका लागि सकारात्मक सूचक हो ।

विशेषत: जब पछिल्लो ६-७ महिनाको अवधिमा मुद्रास्फीति दर ३ प्रतिशत हाराहारीमा सीमित रहेको छ । हालको वैश्विक आर्थिक अस्थिरता, आपूर्ति शृंखलामा चुनौती र मूल्यवृद्धिको दबाब बीच नेपालमा यस्तो स्थिर मुद्रास्फीति दर कायम रहनु तुलनात्मक रूपमा उल्लेखनीय मानिन्छ । यसबाहेक, भुक्तानी सन्तुलनमा पनि ४९१ अर्ब ४४ करोड रुपैयाँको बचत देखिनु थप सकारात्मक संकेत हो, जसले बाह्य क्षेत्रको स्थायित्वलाई पुष्टि गर्छ ।

मौद्रिक नीति २०८२/८३ अनुसार, नेपालको वैदेशिक मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब रूपैयाँ पुगेको छ, जुन सञ्चितिले १४ महिना भन्दा बढी समयसम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता राख्छ । नेपालको सन्दर्भमा सामान्यत: ७ महिनासम्मको आयात धान्न सक्ने सञ्चिति पर्याप्त मानिन्छ । त्यसैले यो स्तरको सञ्चिति अत्यधिक मानिन्छ ।

यद्यपि वैदेशिक मुद्रा सञ्चिति उच्च हुनु आफैंमा खराब मानिने पक्ष होइन, नेपाल जस्तो आयातमुखी र उपभोगप्रधान अर्थतन्त्रमा अत्यधिक सञ्चिति दीर्घकालीन दृष्टिकोणले चुनौतीपूर्ण हुन सक्छ । अत्यधिक सञ्चिति हुनु भनेको देशभित्र पर्याप्त आयात घटेको, विदेशी लगानीको प्रवाह कमजोर भएको वा उपभोग र उत्पादन गतिविधि सुस्त भएको सङ्केत हुन सक्छ ।

साथै, वैदेशिक मुद्राको निष्क्रिय सञ्चयले अर्थतन्त्रमा तरलता सृजना नहुने, निजी क्षेत्रको लगानी नबढ्ने र रोजगारी सिर्जनामा असर पार्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा अर्थतन्त्र चलायमान हुन नसक्ने जोखिम रहन्छ, जुन समग्र आर्थिक वृद्धिका लागि बाधक हुन सक्छ । त्यसैले उच्च सञ्चिति सन्तुलन सहितको आयात, उत्पादन, लगानी र उपभोगसँग जोडिनु आवश्यक हुन्छ, नत्र यसले अर्थतन्त्रलाई निष्क्रिय बनाउने खतरा पैदा गर्छ ।

२०८२ जेठमा क, ख र ग वर्गका बैंकहरूको औसत भारित ब्याजदर क्रमश: ७.९९, ९.४४ र १०.२२ प्रतिशतमा झरेको छ, जुन अघिल्लो वर्ष यही अवधीमा क्रमश १०.१५, ११.६३ र १२.८५ प्रतिशत कायम रहेको थियो । मौद्रिक नीतिमा पछिल्ला तीन वर्षमा गरिएको लचकता र बजारमुखी सुधारहरूको प्रभावस्वरूप यस्तो गिरावट सम्भव भएको देखिन्छ । नेपालको इतिहासमै उच्चतम विप्रेषण प्रवाह भएको छ । प्रशस्त तरलता र बैंकहरूको लगानी क्षमतामा ७ खर्ब रुपैयाँभन्दा बढी सम्भावना हुँदाहुँदै पनि कर्जा प्रवाह अपेक्षाकृत वृद्धि हुनसकेको छैन । हालको प्रमुख आर्थिक समस्या कर्जा प्रवाहमा देखिएको छ । बजार चलायमान नहुनुका कारण व्यवसायीहरू आफैं कर्जा लिएर व्यवसाय सञ्चालन गर्न हिच्किचाइरहेका छन् भने वित्तीय संस्थाहरू पनि उपलब्ध कर्जा असुली गर्न नसक्ने स्थितिमा पुगेका छन् । नतिजास्वरूप, निष्क्रिय कर्जा (Non–Performing Loan– NPL) को दर करिब ५ प्रतिशतसम्म पुगेको छ, जुन स्पष्ट रूपमा वित्तीय स्थायित्वका लागि जोखिमपूर्ण संकेत हो । यसबाहेक, जग्गा र शेयर बजार सुस्त रहँदा धितोको मूल्यांकनमै समस्या देखिएको छ, जसले बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाहमा झनै सतर्क बनाएको छ । यस्तो दोहोरो दबाबको कारण कर्जा प्रवाह संकुचित हुँदै गएको छ, जसले निजी लगानी, रोजगारी र समग्र आर्थिक गतिशीलतालाई नकारात्मक असर पुर्‍याइरहेको छ ।

पछिल्लो तीन वर्षको मौद्रिक नीतिले अवलम्बन गरेका विभिन्न नीतिगत दरहरू

माथिको चित्रबाट स्पष्ट हुन्छ कि पछिल्ला तीन वर्षमा नेपाल सरकारले मौद्रिक नीति मार्फत बैंक दर, नीतिगत दर (एयष्अिथ च्बतभ) तथा न्यूनतम जगेडा दर (ऋचच) लगायत मौद्रिक नीतिका औजारहरूलाई अत्यन्त लचक बनाउँदै आएको देखिन्छ, जुन अर्थतन्त्र लयमा फर्काउने सरकारको प्रयासलाई संकेत गर्छ ।

यस अवधिमा मुद्रास्फीति दर समेत घट्दो क्रममा रहेको छ, जसले समष्टिगत रूपमा देशको अर्थतन्त्रमा सुधारको सम्भावना देखाएको छ । तर यस्तो सकारात्मक मौद्रिक वातावरणका बाबजुद पनि बजार चलायमान हुनसकेको छैन, लगानी प्रवाहमा अपेक्षित वृद्धि देखिएको छैन, युवामा उद्यमशीलताको आकर्षण र विश्वास निर्माण हुनसकेको छैन, र कर्जा प्रवाह समेत कमजोर बन्दै गएको छ ।

यसले स्पष्ट गर्छ कि मौद्रिक नीतिको लचकताले मात्र अर्थतन्त्रलाई गतिशील बनाउन पर्याप्त हुँदैनह यससँगै संरचनात्मक सुधार, संस्थागत विश्वास, लगानीमैत्री वातावरण र उद्यमशीलता प्रवर्धन गर्ने नीति तथा कार्यक्रमको समेत आवश्यकता रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा पनि मौद्रिक नीतिलाई अत्यधिक लचक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरिएको देखिन्छ । बैंक दर, नीतिगत दर र निक्षेपको न्यूनतम जगेडा दर क्रमश: ६.६, ५.० र ३.० प्रतिशतबाट घटाएर ६.०, ४.५ र २.७५ प्रतिशत कायम गरिएको छ, जुन नेपालको मौद्रिक इतिहासमै एक प्रकारको चरम लचकता हो ।

यसले कर्जाको ब्याजदर त सस्तो भएर ७/८ प्रतिशतको दरमा रहला तर यस्तो अवस्थामा अब बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा न्यूनतम २.७५ प्रतिशत ब्याजदर मात्र दिने छन्, जसको प्रभाव प्रत्यक्ष रूपमा निक्षेपकर्तामाथि पर्नेछ । निक्षेपको ब्याजदर घट्नुको अर्थ हो– बैंकमा पैसा राख्नु स्वयं घाटाको कारोबार हुँदै जानु किनभने मुद्राको अवमूल्यन भन्दा निक्षेपमा प्राप्त ब्याजदर कम हुँदा वास्तविक ब्याजदर ऋणात्मक हुन पुग्छ, जुन दीर्घकालीन रूपमा बैंकिङ प्रणालीका लागि स्वस्थ संकेत होइन । अहिले वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा ४ प्रतिशतभन्दा हाराहारीमा ब्याजदर दिन थालेका छन्, जुन अवस्था केही वर्षअघिसम्म १० प्रतिशतभन्दा माथि थियो । यदि यस्तो अवस्था दीर्घकालसम्म कायम रह्यो भने जनसाधारण बैंकमा पैसा राख्नबाट हतोत्साहित हुन सक्छन्, जसले औपचारिक बैंकिङ प्रणालीको साखमा असर पार्न सक्छ ।

अझ गम्भीर कुरा के हो भने, यसले अनौपचारिक अर्थतन्त्रलाई मौलाउने मौका दिन सक्छ । हाल बैंकिङ प्रणालीमा प्रशस्त तरलता भए पनि यदि आम नागरिकले बैंकमा पैसा राखेर ब्याज आर्जन गर्न नसक्ने ठाने भने दीर्घकालमा यो प्रवृत्ति अर्थतन्त्रका लागि खतर नाक बन्न सक्छ । आखिर, २.७५ प्रतिशत ब्याजदरमा ५ प्रतिशत मुद्रास्फीतिबाट 'नकारात्मक बचत' गर्ने सोच कोसँग रहला र ? जसले गर्दा निक्षेपकर्ताले अन्य विकल्प खोज्न सक्छन् ।

माथि उल्लेख गरे अनुसारका यति धेरै लगानीको वातावरण हुँदाहुँदै पनि यसको जड मूलत: विकासमा विश्वासको अभाव हो । व्यवसाय गर्ने वातावरणप्रति आम मानिस र विशेषत: युवाहरूमा भरोसा कायम हुनसकेको छैन । साना व्यवसायहरू बन्द हुने दर बढ्दो छ, अधिकांश जिल्लामा दर्ताभन्दा व्यवसाय बन्द गर्नेको संख्या बढी छ, घरजग्गा कारोबार लगभग ठप्प छ, र शेयर बजार केही सुधारिए जस्तो देखिए पनि धेरै कम्पनीको आधारभूत अवस्था कमजोर छ जसले गर्दा शेयर बजार दीर्घकालीन रूपमा अगाडि बढ्ला भन्ने संकेत देखिँदैन ।

यस्तै परिस्थिति बीच हरेक वर्ष झन्डै ८ लाख युवा देशमा अवसर नदेखेर विदेश पलायन हुनुह लगानीको वातावरण कति संकटपूर्ण छ भन्ने संकेत हो । वास्तवमा, मौद्रिक नीतिको लचकता, घट्दो ब्याजदर र अधिक तर लता जस्ता सकारात्मक संकेतहरू पनि त्यतिबेला मात्र प्रभावकारी हुन्छन्, जब युवा र निजी क्षेत्रका लगानीकर्ताहरूमा देशको आर्थिक भविष्यप्रति भरोसा कायम हुन्छ । यस्तो विश्वास निर्माणका लागि दीर्घकालीन नीतिगत स्थायित्व, लगानीमैत्री संरचना, स्थानीय तहको सक्रियता र स्पष्ट कार्ययोजना अपरिहार्य छन् ।

जब राज्यले लचकदार मौद्रिक नीति, ब्याजदरको समायोजन र बजेटीय कार्यक्रम मार्फत निजी क्षेत्रलाई उत्प्रेरित गरिरहे तापनि सुधारको संकेत देखिँदैन भने, अब हरेक स्थानीय सरकारले आफ्नो तुलनात्मक लाभ पहिचान गर्दै स्थानीय उद्यमी तथा समुदायसँग सहकार्यमा उत्पादनमुखी उद्योग स्थापना गर्नुको विकल्प छैन ।

निजी क्षेत्र र युवा जमातले जबसम्म देशमा सम्भावना र स्थायित्व देख्दैनन्, केवल मौद्रिक औजारको प्रयोगले आर्थिक गतिशीलता सम्भव हुँदैन । हरेक वर्ष दोहोरिएका वार्षिक नीति, अनुदान र कार्यक्रमहरूका बाबजुद पनि जब आर्थिक वातावरण निर्माण हुन सकेन भने, अब गाउँ-गाउँबाट रोजगारी र उद्यमशीलता प्रवर्धन गरिने स्थानीय उद्योग मार्फत नयाँ मार्ग खोल्नु आवश्यक छ, जसको लागि स्थानीय सरकार राजनीतिक तथा स्रोतगत दृष्टिले पर्याप्त रूपले सक्षम छन् भने प्रदेश र केन्द्र सरकारले वातावरण निर्माण गर्नुपर्छ ।

अहिलेको वास्तविक चुनौती आर्थिक सूचक सुधार्ने मात्र नभई जनताको मनोविज्ञानमा आशा र भरोसाको वातावरण निर्माण गर्दै देशभर व्यावसायिक सोच र संस्कृतिको पुनर्स्थापना गर्नु हो ।

*(साभार: अनलाइनखबर)*

# कानुन, नैतिकता र भ्रष्टाचार

✍ पुष्करराज प्रसाई

कानुन भन्नाले स्वेच्छाचारी प्रयोगको विरुद्धमा मानवतावादी र अधिकारकर्मीले अघि सारेको अवधारणा हो, जसलाई आधुनिक राज्य प्रणालीले महत्वपूर्ण शासकीय मान्यताका रुपमा स्वीकार्दै आएको छ । आधुनिक राज्य व्यवस्थामा यसअन्तर्गत राज्य, राज्यअन्तर्गतको संरचना, राज्यबाहिरका पात्र र नागरिकले अपनाउनुपर्ने आचरण, गर्नुपर्ने व्यवहार र दायित्वसहितको मूल्य प्रणालीसम्बन्धी सिद्धान्त अनि मान्यतासमेत पर्दछन् । कानुनी राज्यको अवधारणाको विकासक्रम केलाउँदै जाने हो भने प्लेटोको सिद्धान्त र अरस्तुको राजनीतिसम्म पुग्नुपर्ने हुन्छ । तर यो लेख त्यसतर्फ नगई कानुन, नैतिकता र भ्रष्टाचारलाई वर्तमान राज्य सञ्चालनको कसीमा हेरी तदनुकूल सुधार गर्नु जरुरी छ, अन्यथा देशको अस्तित्व नै संकटमा पर्न सक्छ भन्नेतर्फ इंगित गरिएको छ ।

**कानुन के हो र कस्तो हुनुपर्छ ?**

कानुनी राज्यको लागि कानुनको सर्वोच्चता र यसको कार्यान्वयनमा उचित प्रक्रिया मात्र पूरा गरेर पुग्दैन । यसको सार भनेको सुशासनको अनुभूति हो, जसको लागि कानुन स्वयं पनि वैध हुनुपर्दछ । यसको निर्माण र प्रशोधनका विधिहरु पनि स्वच्छ र नागरिकको मन जित्ने हुनुपर्दछ भनी दार्शनिक थोमस अक्विनसले बताउनुभएको छ । यस भनाइअनुसार कानुनको शासन हुन उचित प्रक्रियाले कानुन निर्माण भएर पुग्दैन, त्यसले नागरिकको मन जितेको हुनुपर्ने देखिन्छ । यसअनुसार कानुनको शासन भनिएको अवस्थामा पनि असल र खराब अर्थात् जनताको मन जितेको कानुन र मन नजितेको तर मान्नुपर्ने बाध्यताको कानुन रहने देखिन्छ ।

यसलाई हामी पहिलो- कानुनको शासन र दोस्रो- कानुनद्वारा शासन भनी नामकरण गरेको पाउँछौं ।यसरी कानुनको शासन र कानुनद्वारा शासन भन्ने सुन्दा दुवै उस्तै-उस्तै लाग्न सक्छ तर यसमा आकाश-जमिनको फरक छ । कानुनको शासन मानवअधिकारको सवाल हो भने कानुनद्वारा शासन मानवअधिकार विरोधी कानुनको आडमा शासकको स्वार्थ अनुकूल चलाइएको शासन हो । शासकसँग कानुनको सम्बन्ध दुई तरिकाले हुन्छ । पहिलो- शासकलाई नियन्त्रण गरेर, दोस्रो- शासकको हतियार बनेर ।

पहिलो अवस्था कानुनको शासन हो भने दोस्रो कानुनद्वारा शासन हो । कानुनको शासनमा कानुन शक्तिशाली हुन्छ र शासकचाहिँ निमित्त मात्र हुन्छ भने कानुनद्वारा शासनमा शासक प्रमुख र कानुनचाहिँ निमित्त मात्र हुन्छ । जस्तै- पञ्चायतकालमा कानुन बनाएर शासन चलाइएकै थियो भने हिटलर र मुसोलिनीले पनि आफ्नो शासन चलाउन कानुन बनाएकै थिए । तर त्यो नागरिक वा मानव समुदायलाई अधिकार प्रदान गर्नको लागि निर्माण भएको थिएन ।

त्यसैले त्यो शासन कानुनको शासन थिएन । कहिलेकाहीँ शासकले कुनै काम-कारबाही गर्दा कानुनबमोजिम गरेको देखिने तर मानवअधिकार विरोधी छ भने त्यस्तो अवस्था कानुनद्वारा गरिएको शासनको अवस्था हो । त्यसैले विधिको शासन लोकतन्त्रको प्राण हो । लोकतन्त्र देखाउने आचरण वा पार्टीलाई सिँगार्ने गहना होइन । यो राज्य सञ्चालन गर्ने वैज्ञानिक, न्यायपूर्ण र सामाजिक विधि हो । साररुपमा विधिको शासनमा लोकतन्त्र राज्य सञ्चालकको जीवन पद्धति बन्न सक्नुपर्दछ ।

**नैतिकताको संस्कृति** :

वर्तमान समयमा हामीले लोकतन्त्र, गणतन्त्र दिवस मनाइरहँदा प्रजातान्त्रिक चिन्तन र व्यवहारमा आफूलाई सबैले हेर्नुपर्ने अवस्था आएको देखिन्छ । जसको ज्वलन्त उदाहरणको रुपमा केही समयअगाडि संविधान कार्यान्वयनको क्रममा देखा परेका अड्चनहरु फुकाउने सिलसिलामा एउटै कानुनलाई आ-आफ्नो स्वार्थ अनुकूल फरक-फरक व्याख्या गर्दै मुलुकमा अन्योलता सृजना गरी जनतालाई वास्तविकता थाहा नदिने गरी गुमराहमा राखियो, जुन तथ्यले दलभन्दा माथि उठी देश र जनताको पक्षमा काम गरेको देख्न सकिएन ।

असल नजिर बसाउनेतर्फ ध्यान दिन सकेनन् । देशलाई असल बाटोमा हिँडाउनेभन्दा व्यक्तिगत पद र प्रतिष्ठामा अलमलिएर समृद्ध समाज निर्माणको महत्वपूर्ण समय बरबाद गर्न पुगे । संविधान कार्यान्वयनका महत्वपूर्ण काम समयमा पूरा हुन सकेनन्, जसले गर्दा राजनीतिक दलहरुका बीचमा तीक्तता बढाई दलहरुका बीचमा हुनुपर्ने समृद्धि र विकासतर्फका सहकार्य-सहयात्रालाई धमिल्याएको छ ।

वास्तवमा संस्था आफैँले बोल्ने र आचरण देखाउने होइन, त्यसमा रहेका व्यक्तिले बोल्ने र आचरण पालन गर्ने हो । सबै कुरा संविधान र कानुनमा उल्लेख गर्न सम्भव पनि हुँदैन । संविधान र कानुनबाहेक हाम्रा लोकतान्त्रिक परम्परा, न्यायिक मान्यता, अन्तर्राष्ट्रिय अभ्यास, संसदीय मूल्य-मान्यतालाई पनि राज्य सञ्चालनको क्रममा अवलम्बन गर्ने गरिन्छ । समाजलाई असल नागरिक संस्कृतिको सन्देश दिने राजनीतिक अगुवाले नै हो । जो अगुवा उही के भनेजस्तो हुनु लोकतान्त्रिक नेताको निम्ति शोभनीय विषय हुन सक्तैन । हामी जुन कार्य समाज र राष्ट्रको लागि गर्छौं, त्यो आउँदा दिनमा भावी पिँढीले पनि ग्रहण गर्न कुनै हिचकिचाहट नमानून् र त्यस परम्पराको निरन्तरता रहन सकोस् । यो नै वास्तवमा वर्तमान शासकहरुको सामर्थ्य, क्षमता, योग्यता हो । त्यस कार्यलाई समाजले पछिसम्म सम्झिरहन्छ । यस सन्दर्भमा हामी बेलायतको राजनीतिक घटनाक्रमबाट केही सिक्न सक्छौं । डेभिड क्यामरोनले १३ जुलाई २०१६ मा प्रधानमन्त्रीबाट राजीनामा दिए तर उनको सरकार संसद्मा अल्पमतमा परेको थिएन । उनको कार्यकाल पनि सकिएको थिएन । कारण थियो कि जनमत सङ्ग्रहको नतिजा । उनी बेलायत, युरोपियन युनियनभित्रै रहनुपर्छ भन्ने मान्यता राख्थे । तर जनमतले बाहिरिनुपर्दछ भन्ने पक्षमा ५१.९ प्रतिशत मत व्यक्त गरेको थियो ।

यसरी आफ्नो प्रस्तावलाई जनताले अस्वीकृत गरिदिएपछि पदमा नै रहिरहेर राज्य सञ्चालन गरिरहनु नैतिकताले नदिने ठहर गर्दै राज्य संञ्चालनका क्रममा देखाउनुपर्ने नैतिकता भुल्न चाहेनन् । त्यसैले सो निर्णय कार्यान्वयन गर्न सजिलो होस् भनेर राजीनामा दिई बाटो प्रशस्त गरिदिएका थिए । त्यस्तै गरी इटालीमा संविधान सुधार गर्ने कि नगर्ने भनेर ४ डिसेम्बर २०१६ मा जनमत सङ्ग्रह भएको थियो । सो जनमत सङ्ग्रहमा सत्तापक्षले आफू अनुकूल हुने गरी संसद्, प्रदेश र इकाइहरुबीच सन्तुलन मिलाउन संविधान संशोधन गर्न चाहेको थियो । तर आफूले अगाडि सारेको सो संविधान सुधारको प्रस्तावलाई जनमतमार्फत ५९.१ प्रतिशतमा अस्वीकृत गरिदिएपछि तत्कालीन प्रधानमन्त्री माट्टिओ रेन्चीले ५ डिसेम्बरमा राजीनामा गरेका थिए । त्यहाँ उनीविरुद्ध अविश्वास प्रस्ताव पारित भएको पनि होइन, कार्यकाल सकिएको पनि होइन । त्यहाँ मात्र नैतिकताको पालन थियो ।

यसरी युरोपका दुई फरक देशका एक वर्षभित्र घटेका दुई घटनाले राज्य संयन्त्र संविधान, ऐन, कानुन, नियम, विनियमले मात्रै चल्ने होइन रहेछ भन्ने पुष्टि गरेको छ । त्यहाँ नैतिकता, आदर्श, सामाजिक मूल्य, मान्यता अनुकूलको आचरणको स्थान पनि हुँदो रहेछ भन्ने सिद्ध गरेको देखिन्छ । किनकि त्यहाँ जनमत संग्रहमा आफ्नो मान्यता विपरीत निर्णय आएमा राजीनामा दिनुपर्छ भन्ने संविधान ऐन, कानुनमा लेखिएको थिएन ।

तथापि सरकार प्रमुखको हैसियतले अगाडि सारेका प्रस्तावलाई लोकतान्त्रिक विधिबाट जनताले अस्वीकृत गरिदिएपछि क्यामरोन र रेन्चीले सोही पदमा रहिरहन नैतिकता र लोकतान्त्रिक आचरणअनुसार उचित ठानेनन् । यसको दार्शनिक पक्ष के हो भने, कुनै पनि सरकारले कुनै पनि प्रस्ताव केवल देखाउन र राजनीति गर्न मात्र ल्याउँदैन, त्यो कार्यान्वयन गर्न र काम गर्न ल्याउने हो । जब जनमत सङ्ग्रहद्वारा नै प्रस्ताव अस्वीकृत हुन्छ भने त्यसको सीधा अर्थ जनता सरकारप्रति विश्वस्त छैनन् भन्ने नै हो । यो पक्षलाई विधिको शासन र नैतिकताको राजनीति गर्ने शासकले बुझेका हुन्छन् र तदनुकूल आचरण गर्छन् भन्ने त्यो घटनाले बुझाउँछ ।

हाम्रो देशमा पनि हाम्रा राज्य सञ्चालकले यस्तै उच्च खालको विधिको शासन र नैतिकताको राजनीति प्रदर्शन गरेको हामी देख्न चाहन्छौं भन्ने यस लेखको आशय हो । पञ्चायतकालका कृतिनिधि विष्ट, केशरबहादुर विष्टदेखि लोकतान्त्रिक गणतन्त्रकालका शेरबहादुर तामाङ, गोकुल बास्कोटालगायतले सार्वजनिक आलोचनापछि त्यसको मर्यादा गर्दै राजीनामा दिएका उदाहरण पनि छँदै छन् भने केहीले आरोप लाग्नेबित्तिकै विनाप्रमाण कहाँ राजीनामा दिन्छु भन्दै राजीनामा नदिई बसेका पनि देखियो । साथै विगतमा प्रतिपक्षमा रहँदा जुन मान्यता राखेर जे बोलिएको थियो, त्यसको ठीक विपरीत अडान अहिले सत्तापक्षमा भिजिट भिसाको विवादमा राखेको देखियो । यो सरासर दोहोरो मापदण्ड हो र नैतिकताको खडेरी हो ।

**भ्रष्टाचारका चुनौती र कारबाही** :

भ्रष्टाचार भन्नाले सार्वजनिक जीवनमा स्वीकृत मूल्यहरुका विरुद्धको आचरणलाई मानिन्छ । अहिले भ्रष्टाचारका बारेमा चियापसल, साहित्यिक गोष्ठीदेखि संसद्सम्म चर्चा हुने गरेको छ । अधिकांश ठूला राजनीतिक भ्रष्टाचारीहरु प्रमाण ल्याऊ, म कारबाही भोग्न तयार छु भन्छन् । विनाप्रमाण आरोप लगाउन पाइँदैन भनेर चुनौती दिने गर्छन् । सबैलाई थाहा भएकै कुरा हो कि भ्रष्टाचार भनेको साक्षी प्रमाण राखेर गरिँदैन । त्यसैले सर्वसाधारणले प्रमाण जुटाउन सक्ने कुरा नै भएन । यो भनाइ सरासर दण्डहीनताको संकेत हो ।

सर्वसाधारणले कतिसम्म भन्न सक्छन् भने, हिजो रित्तो हात र चप्पल लगाएर राजनीतिमा लागी पदमा बसेका थिए तर छोटो समयमै कसरी करोडभन्दा माथि पर्ने गाडी चढ्ने भए ? जसको पैत्रिक सम्पत्ति हेर्दा आफैंले खेती गर्दा पनि ६ महिना खान पुग्दैनथ्यो । पदमा पुगेको केही समयमा नै शहरमा विशाल घर ठडियो । त्यो पनि एउटा मात्र होइन धेरै कसरी बनाउन सकियो ? यी सबैको हिसाब प्रस्ट निकाल्न सकिन्छ भने त्यसभन्दा अतिरिक्त सम्पत्ति ऊसँग कहाँबाट आयो ? हामी आम मानिसले देख्ने र दिन सक्ने प्रमाण भनेको यही हो । यसलाई प्रमाण नमान्ने र स्रोतको अनुसन्धान नहुने हो भने कुनै पनि भ्रष्टाचारीको प्रमाण भेट्न सकिँदैन । जब प्रमाण नै भेटिँदैन भने त्यस्तो कानुनको के आवश्यकता ? त्यसका निम्ति अनुसन्धान गर्ने, मुद्दा हेर्ने संयन्त्र किन चाहियो ?

*(साभार: न्यूज अफ नेपाल)*

# चिकित्सा शिक्षामा नाफा कमाउने खेल: निजीमा सिट बढ्यो, सरकारीमा शून्य

काठमाडौं/सरकारले निजी मेडिकल कलेज सञ्चालकसँग घुँडा टेक्दै एमबीबीएस र बीडीएस अध्ययनका लागि सिट संख्या बढाउने निर्णय गरेको छ । बिहीबार सिंहदरबारमा बसेको चिकित्सा शिक्षा आयोगको २१औं बैठकले एक सय सिट रहेको एमबीबीएसको सिलिङ बढाएर १३० र ५० सिट रहेको बीडीएसलाई ६० पुऱ्याउने निर्णय गरेको हो । उक्त निर्णयको पछाडि निजी मेडिकल कलेज सञ्चालकको आर्थिक स्वार्थ जोडिएको छ । किनकि, निजी मेडिकल कलेज सञ्चाकललाई पोस्न प्रधानमन्त्री स्वयं नै अग्रसर भएको विज्ञहरू बताउँछन् ।




सिट संख्या बढ्नुले नेपालको चिकित्सा शिक्षा गुणस्तर खस्किने खतरा बढेको उनीहरूको धारणा छ । सरकारले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएसका आवासीय चिकित्सकलाई निर्वाह भत्ता दिन मेडिकल कलेजसँग सम्झौता गरेर एमबीबीएस र बीडीएस लगायतको सिट संख्या बढाएको हो । किनकि प्रधानमन्त्री तथा चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीले मेडिकल कलेज सञ्चालकलाई एमबीबीएस र बीडीएसको शुल्क बढाउने आश्वासन दिएसँगै (पीजी) अन्तर्गतको एमडी, एमएसका आवासीय चिकित्सकलाई निर्वाह भत्ता निर्वाह भत्ता दिन कलेज सञ्चालक तयार भएका थिए ।

तर सरकारले अध्यापन गराउनका लागि समक्ष भएका सरकारी र प्रतिष्ठानमा स्रोत सुनिश्चिता नभएको भन्दै सिट नबढाउने निर्णय गरेको छ । आयोगको १८ बैठकमा एमबीबीएस र बीडीएसको शुल्क र सिट परिमार्जनका लागि तत्कालीन शिक्षा सचिव डा. दीपक काफ्लेको संयोजकत्वमा ११ सदस्यीय कार्यदल गठन भएको थियो । उक्त कार्यदलले हाल कायम रहेको एक सय सिटको सिलिङ हटाउँदै थप गर्न सकिने सुझाव दिएको थियो ।

पछि कार्यदललाई थप अध्ययनलाई निर्देशन दिइएको थियो । उक्त निर्देशनको आधारमा कार्यदलले कलेज अनुसार सिट संख्या बढाउने प्रतिवेदन तयार गऱ्यो । जस अनुसार विराट मेडिकल कलेज, चितवन मेडिकल कलज, नोबेल, नेपालगञ्ज, युनिभर्सल, काठमाडौं मेडिकल कलेज, नेपाल मेडिकल कलेज १३०, त्यस्तै मणिपाल, जीएमसी १२० र देवदह मेडिकल कलेज ९० सिट पाएका छन् । बीडीएसमा पिपुल्स र कान्तिपुर ६० मा र अन्यमा ४०, ३० सिट बढेको छ । काठमाडौं विश्वविद्यालयको स्कुल अफ मेडिकलले १३० सिट पाएको छ । उच्च स्रोतका अनुसार एमबीबीएसको सिट बढाउनका लागि निजी मेडिकल कलेजको केही वर्षयतादेखि नै चलखेल थियो ।

'सिट संख्या बढाउनका लागि प्रधानमन्त्रीसँग मेडिकल कलेज सञ्चालकहरूले लबिङ गर्दै आएका थिए,' स्रोत भन्छ, 'अहिले देखावटी रूपमा कार्यदल बनाएर अध्ययन गरेको जस्तो देखिए पनि मेडिकल सञ्चाकलकै स्वार्थले सिट बढाइयो ।' स्वास्थ्य मन्त्रालयका एक उच्च अधिकारीका अनुसार सिट संख्या बढाउँदा गुणस्तरको सुनिश्चिता हुनुपर्थ्यो । तर त्यसलाई ख्याल गरिएको देखिँदैन । प्रधानमन्त्री ओली कै दबाबमा परेर सिट संख्या बढेको ती अधिकारी बताउँछन् । 'मेडिकल कलेजको मापदण्ड पूरा भएको अवस्थामा मात्रै बढाउन पर्ने हो । तर सबैलाई बढाउने पर्ने गरी बढाइएको देखियो,' ती अधिकारी भन्छन्, 'यसले चिकित्सा शिक्षाको गुणस्तरमा खस्किने निश्चित छ ।'

तर कार्यदलका एक सदस्य भने एमबीबीएस, बीडीएस लगायत अध्ययनका लागि सिट संख्या वृद्धि पूर्ण रूपमा मापदण्डअनुसार गरिएको दाबी गर्छन् । ती सदस्यका अनुसार मेडिकल कलेजको क्षमता मूल्यांकन गर्न फ्याकल्टी संख्या, शैक्षिक दक्षता, अस्पताल सेवा क्षमता र अन्य प्राविधिक तथा भौतिक संरचनाको मूल्यांकन गरिएको थियो । 'पहिले मेडिकल कलेजहरूले सेल्फ-एप्राइजल फर्म भरेका थिए । त्यसपछि विज्ञ टोली निरीक्षणमा गयो । टोलीको प्रतिवेदनका आधारमा चिकित्सा शिक्षा विज्ञहरूको समितिले सबै कागजात अध्ययन गरी स्कोरिङ गरिएको थियो,' एक सदस्यले संचारकर्मीसँगको अनौपचारिक कुराकानीमा बताए । उनका अनुसार स्कोरको आधारमा मेडिकल कलेजलाई विभिन्न ग्रेडमा वर्गीकरण गरियो र सोही अनुसार सिट संख्या तोकियो । हालै प्रधानमन्त्रीबाट दबाबमा सिट संख्या बढाइएको भन्ने सार्वजनिक टिप्पणीबारे ती सदस्यले भने, 'मार्केटमा भन्छन्, तर काम मापदण्डअनुसार भएको हो र सबै प्रक्रिया रेकर्डमा छ ।'

### नाफा हेर्दा गुणस्तरहीन जनशक्ति उत्पादन

सिट संख्या बढाउनका लागि भौतिक पूर्वाधार, दक्ष शिक्षकदेखि बिरामीको आवश्यकता पर्छ । तर अहिलेको अवस्थामा हेर्ने हो भने निजी मेडिकल कलेजसँग अहिले तोकिएको सयभन्दा थप सिट बढाउने सकिने अवस्था नभएको आयोगकै एक उच्च कर्मचारी बताउँछन् । 'अहिले नै जसोतसो गरेर विद्यार्थी पढाइरहेका छन् । यही भौतिक पूर्वाधारमा निजी मेडिकल कलेजलाई सय सिटभन्दा बढी दिनु भनेको पैसा कमाउनुको उद्देश्यले मात्रै हो,' आयोगका ती कर्मचारीले भने ।

उनले अगाडि थपे, 'दैनिक दुई हजारभन्दा बढी बिरामी आउने र भौतिक संरचना भएको आईओएमले सय सिटभन्दा बढी लिन मानिरहेको छैन । तर निजीलाई सिट संख्या थप्दा गुणस्तरहीन जनशक्ति उत्पादन हुने निश्चित छ ।' चिकित्सा शिक्षा आयोगका अनुसार, अघिल्लो वर्ष सरकारी र निजीमा गरेर एमबीबीएस लगायतका विषयमा २ हजार १४० कोटा तोकिएको थियो ।

देशभरि १७ निजी मेडिकल कलेजमा एमबीबीएसमा मात्र वार्षिक १७ सयभन्दा बढी विद्याथी नयाँ भर्ना हुँदै आएका थिए । अब आर्थिक वर्षबाट सिट संख्या बढ्दा २ हजार २ सयको हाराहारीमा पुग्ने देखिन्छ । एक विद्यार्थी बराबर काठमाडौंभित्र ४२ लाख र काठमाडौंबाहिर ४५ लाख रूपैयाँ शुल्क तोकेको छ । अहिले निजी मेडिकल कलेजले एमबीबीएसको ३० सिट बढाउँदा एक प्रतिविद्यार्थी ४६ लाखले हिसाब गर्दा १३ करोड ८० लाखभन्दा बढी रकम थप उठाउनेछन् । आयोगका एक पूर्वपदाधिकारी आयोगका तर्फबाट गलत निर्णय भएको बताउँछन् ।

अहिले सञ्चालन भइरहेका निजी मेडिकल कलेजको क्षमता एमबीबीएसमा १ सय विद्यार्थी पढाउन सक्ने नभएको उनको दाबी छ । 'अहिले भएको क्षमता अनुसार सिट दिने हो । आयोगले ऐनमा र हेर काम गर्नुपर्छ,' ती पदाधिकारी भन्छन्, 'निजी मेडिकल कलेजलाई नाफा कमाउनका लागि सिट संख्या थप गर्दा त्यसको असर कस्तो हुन्छ भन्ने कुरा आयोगले ध्यान पुऱ्याउन जरुरी छ ।' ती अधिकारीका अनुसार सिट बढाउनका लागि भौतिक पूर्वाधार मात्रै होइन । बिरामीको उत्तिकै जरुरी हुन्छ । 'निजी मेडिकल कलेजमा बिरामी नै पर्याप्त छैनन् । बिरामी हेर्न पाएनन् भने दक्ष चिकित्सक नै बन्न सक्दैनन्,' ती अधिकारीले भने । केदारभक्त माथेमा आयोगको प्रतिवेदन २०७२ ले पनि एमबीबीएसमा सय भन्दा बढी विद्यार्थी पढाउन नहुने निष्कर्ष निकालेको थियो ।

माथेमाले संचारकर्मीसँगको कुराकानीमा प्रतिवेदनले निजी मेडिकल कलेजको क्षमता मूल्यांकन गरेर एमबीबीएस सिट संख्या १५० बाट घटाएर १०० पुऱ्याउने सुझाव दिएको स्मरण गरे । सुझावकै आधारमा सरकारले निजी मेडिकल कलेजलाई एमबीबीएस सिट अधिकतम १०० निर्धारण गरेको थियो । 'त्यसबेला धेरै जनशक्ति लाइसेन्स परीक्षामा असफल भएका थिए, योग्य शिक्षकको अभाव थियो । त्यसैले १०० भन्दा बढी विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन सक्ने अवस्था थिएन,' उनले बताए । उनका अनुसार अहिले सरकारले निजी मेडिकल कलेजमा एमबीबीएस सिट संख्या १३० पुऱ्याउने निर्णय गर्दा गुणस्तर खस्कने खतरा छ ।

'विज्ञको सल्लाह र वास्तविक क्षमताभन्दा बढी सिट बढाउँदा प्राइभेट सञ्चालकको स्वार्थ मात्र पूरा हुन्छ । जनताको स्वास्थ्यको पक्षमा कोही बोल्दैनन्,' माथेमा भन्छन् । निजी मेडिकल कलेज सञ्चालकको उद्देश्य नै नाफा कमाउने हुन्छ । 'यसले भविष्यमा चिकित्सा शिक्षाको गुणस्तरमाथि ठूलो प्रश्न उब्जिन्छ । झन् उत्पादन बढाउने हो भने बेरोजगारी सिर्जना हुने अवस्था आउन सक्छ,' माथेमा भन्छन् । चिकित्सा शिक्षाका एक जानकार मेडिकल कलेजले पाएको एमबीबीएसको १०० कोटा पनि बढी भएको दाबी गर्छन् ।

'निजी मेडिकल कलेजसँग एमबीबीएस सय सिट बढाउने पनि भौतिक पूर्वाधार छैन,' ती विज्ञ भन्छन्, 'निजी मेडिकल कलेजको ब्ल्याकमेलिङ र राजनीतिक नेतृत्वको मिलेमतोमा सिट संख्या मात्रै बढाइयो ।' यस्तो निर्णयले स्वास्थ्य सेवामा गुणस्तरमा ठूलो असर पार्ने उनको दाबी छ । विज्ञका अनुसार हाल विद्यमान सिट संख्यामै गुणस्तर सुनिश्चित गर्न नियमनकारी निकाय असफल भइरहेका छन् । 'नियमन कमजोर हुँदा अहिलेको अवस्थामै गुणस्तरको समस्या छ । सिट बढेपछि यो समस्या झन् गहिरिन्छ,' ती विज्ञले भने । उनका अनुसार सरकारले निजी मेडिकल कलेज सञ्चालकहरूको दबाबमा निर्णय गरेको देखिन्छ । 'यो त मेडिकल कलेजको दादागिरी हो । सरकारसँग आवासीय चिकित्सकको निर्वाह भत्ता बढाउन सर्त राखियो, सरकारले त्यसमा झुकेर सिट बढायो । यसमा करोडौं रुपैयाँको चलखेल भएको सम्भावना छ,' उनले टिप्पणी गरे ।

अहिलेको अवस्थामा सिट बढाउनुपर्ने कुनै पनि औचित्य नभएको उनी दाबी गर्छन् । 'यस्ता निर्णयले भोलिका दिन गुणस्तरहीन जनशक्तिको उत्पादन हुन्छ । एमबीबीएस पढाउन भौतिक पूर्वाधार, ओपीडीमा आउने बिरामीको संख्या, प्राध्यापक कम छन्,' ती विज्ञ भन्छन्, 'अहिलेको मापदण्डमा हेर्दा १०० विद्याथी नै धेरै हो । यो त सरासर पैसा खाने बाटो मात्रै हो ।' ती विज्ञका अनुसार अहिले निजी मेडिकल कलेजबाट उत्पादन भएका विद्यार्थीलाई सामान्य सीप समेत जानेका छैनन् । 'मेडिकल काउन्सिलले लिएको लाइसेन्स परीक्षामा सीपको परीक्षण गर्ने हो भने १० प्रतिशत पनि पास हुँदैनन्,' उनी भन्छन्, 'आकस्मिक कक्षमा सीपीआरदेखि सूई हाल्ने सिप समेत छैन ।'

### कलेजका सञ्चालक भन्छन् : प्रधानमन्त्रीको सदासयताले सिट बढ्यो

एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा. ज्ञानेन्द्र कार्की प्रधानमन्त्री ओलीको सदासयताले सिट संख्या बढेको बताउँछन् । 'शुल्क र सिट सँगै बढाउनुपर्ने कुरा उठेको थियो । अहिले शुल्कको विषयलाई यथावतै छ,' डा. कार्कीले संचारकर्मीसँग भने, 'वर्षौंदेखि सिट बढेको थिएन । प्रधानमन्त्रीको सदासयताले सिट बढ्यो ।' डा. कार्कीले अझै सिट संख्या बढाउन सक्ने ठाँउ रहेको दाबी गरे ।

'बढीभन्दा बढी सिट उपलब्ध गराउन जरुरी छ । विदेशी आएर पढ्दा हामीलाई घाटा हुन्छ र !,' डा. कार्कीले आर्थिक पक्षको मात्रै उठान गर्दै भने,' अरूले दिएको भरमा चल्ने देशमा पैसा आउनु भनेको राम्रो कुरा हो । यो सोच राख्नुपर्छ ।' चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीले एमबीबीएसको सिट संख्या बढाउँदा गुणस्तर खस्किने बताएका छन् । उनले मंगलबार विज्ञप्ति निकाल्दै मेडिकल शिक्षाको शुल्क र सिट संख्या यथावत राख्न सरकारलाई आग्रह गरेका थिए । अन्यथा सत्याग्रह सहितको आन्दोलनको गर्न बाध्य हुने चेतावनी दिएका थिए । डा. केसीले भनेका थिए, 'सिट नबढाउन र शुल्क नबढाउन ओली सरकार लगायत आयोगको पुन: ध्यानाकर्षण गराउँदै चेतावनी दिन्छौं । अन्यथा सत्याग्रह सहितको आन्दोलन गर्न बाध्य हुनेछौं भन्ने कुरा जानकारी गराउन चाहन्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'वार २' र 'कुली'को चेपुवामा परे 'मोहर' र 'सिटामोल'




काठमाडौं/जब-जब ठूला बजेटका भारतीय वा हलिउड फिल्म प्रदर्शनमा आउँछन्, तब नेपाली फिल्मले हलमा पर्याप्य शो नै पाउँदैनन् । बक्स अफिसमा नेपाली फिल्म सुखद रूपमा चल्दा पनि शो कटौती गरेर विदेशी फिल्मलाई दिइन्छ । जसले गर्दा नेपाली फिल्म सीमित शो लिएर हलमा ठूला विदेशी फिल्महरूसँग प्रतिस्पर्धा गर्न बाध्य हुन्छन् । यतिबेला 'मोहर' र 'सिटामोल'को अवस्था पनि यस्तै छ ।

गत शुक्रबारबाट प्रदर्शनमा आएका यी दुई फिल्ममध्ये 'मोहर' बक्स अफिसमा बलियो देखिएको छ । शनिबार उत्साहप्रद व्यापार गरेको यो फिल्मले आइतबारयता पनि हलमा दर्शक राम्रो पाइरहेको छ । बुधबारसम्म २ करोडमाथि व्यापार गरिसकेको फिल्मले बिहीबार पनि देशव्यापी ५० प्रतिशत अकुपेन्सी हासिल गरेको छ । विशेषगरी काठमाडौं बाहिर यो फिल्मको कमाइ राम्रो देखिन्छ ।

तर, बिहीबारबाट 'मोहर' र 'सिटामोल' दुवै शोमा निकै खुम्चिएका छन् । त्यसको कारण हो, दुई ठूला भारतीय फिल्म 'वार २' र 'कुली' रिलिज हुनु । हाइप, स्टारकास्ट लगायतका पक्षलाई मध्यनजर गर्दै यी दुई फिल्मलाई नेपालका अधिकांश मल्टीप्लेक्सले बिहीबारका लागि ठूलो संख्यामा शो दिएका छन्, जुन दुई नेपाली फिल्मको शो भारी मात्रामा कटौती गरेर उपलब्ध गराइएको हो ।

'वार २' र 'कुली'लाई शो उपलब्ध गराउन आइएनआइ सिनेमाज्, वान् सिनेमाज्, रञ्जना सिनेप्लेक्स, बिएसआर मुभिज, एफक्युब जस्ता ठूला मल्टीप्लेक्सहरूले बिहीबारबाट 'सिटामोल'लाई उतारि सकेका छन् । 'मोहर' भने कुनै हलबाट उत्रिएको छैन । यसको कारण फिल्मले गरिरहेको सुखद व्यापार नै हो । तर, व्यापार राम्रो हुँदाहुँदै पनि प्राय: हलले फिल्मको शो उल्लेख्य घटाएका छन् ।

हलमा दुई भारतीय फिल्मको चेपुवामा परेका 'मोहर' र 'सिटामोल'लाई अब सीमित शोबाट प्रदर्शन जारी राख्दै लगानी सुरक्षित गर्नुपर्ने चुनौती छ । तर, 'वार २' र 'कुली'ले कमजोर समीक्षा पाएकाले आइतबारबाट यी दुई फिल्मको व्यापारमा गिरावट आउन सक्ने देखिन्छ । त्यो हुँदा 'मोहर' र 'सिटामोल'लाई ठूलो राहत मिल्नेछ । तर, शनिबारसम्मको व्यापार भने प्रभावित हुने निश्चित छ ।

# 'मिरमिरे'को छायांकन पूरा, दयाहाङले ६० लाख पारिश्रमिक लिएको चर्चा



काठमाडौं/ 'कार्साङ'का निर्देशक यम शेर्पाको दोस्रो निर्देशकीय फिल्म 'मिरमिरे'को छायांकन पूरा भएको छ । फिल्मको ३५ दिनमा एक गीतबाहेक अन्य दृश्यहरूको छायांकन मंगलबार सकिएको हो । काभ्रेको बल्थली र मकवानपुरको चित्लाङ क्षेत्रमा छायांकन भएको फिल्मको बाँकी एउटा गीत समय अनुकूल पारेर चाँडै खिचिने निर्देशक शेर्पाले बताए ।

फिल्ममा 'कार्साङ' जोडी दयाहाङ राई र सिर्जना निङलेखुसहित प्रकाश सपूतको मुख्य भूमिका रहेको छ । 'मिरमिरे'का लागि दयाहाङले सरकारी ट्याक्स कटाएर ६० लाख पारिश्रमिक लिएको चर्चा छ । यदि यो सत्य हो भने उनी नेपाली फिल्मका सबैभन्दा महंगा अभिनेता बनेका छन् ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा लगायतले पनि अभिनय गरेका छन् । बाल-कलाकारमा शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन् । 'मिरमिरे'मा निर्देशक शेर्पा स्वयंको लेखन रहेको छ । आलोक शुक्ला फिल्मका छायाँकार हुन् । निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको फिल्ममा गोविन्द बोहरा, सुदिप कुँवर सह-निर्मातामा छन् भने कार्यकारी निर्माता आर आर फिल्म्सका सञ्चालक तथा वितरक रोहित कट्टेल हुन् ।

# फेरि निजी विद्यालयलाई शैक्षिक गुठीमा ल्याउने विषय प्रवेश

काठमाडौं/विद्यालय शिक्षा विधेयकमा टुंगिसकेको विषय फेरि उल्ट्याउनेगरी छलफल अगाडि बढेको छ । निजी विद्यालयहरूले पूर्ण छात्रवृत्ति नदिने भन्दै आन्दोलन घोषणा गरेपछि शैक्षिक गुठीमा ल्याउने विषयले प्रवेश पाएको छ ।

बिहीबार प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको परामर्श समन्वय उपसमितिको बैठकमा निजी विद्यालयलाई शैक्षिक गुठीमा ल्याउने विषयमा छलफल भएको हो । शिक्षा मन्त्रालयको अनुपस्थितिमा परामर्श समितिको बैठक बसेको थियो । निजी विद्यालयको सञ्चालन कम्पनी वा शैक्षिक गुठीमा रहने प्रावधान पारित भइसकेको छ । तर, निजी विद्यालयले पूर्ण छात्रवृत्तिमा आवास र पोशाक नदिने भनेपछि शैक्षिक गुठीमा ल्याउने विषय प्रवेश भएको हो ।

'निजीको विषयमा नरम भएर कम्पनीमै सञ्चालन गर्न पाउने राखिएको छ । इच्छा भएमा मात्र गुठीमा सञ्चालन गर्न सक्छन् । तर पूर्ण छात्रवृत्तिमा पोशाक र आवास सुविधा नदिने भनेर निजीले आन्दोलन घोषणा गरेपछि शैक्षिक गुठीमा ल्याउने विषयमा छलफल भएको हो,' परामर्श उपसमितिका एक सदस्यले भने ।

निजी विद्यालय सेवामूलक, लोककल्याणकारी क्रमश: गैर नाफामूलक बनाएर सञ्चालन गर्ने समितिबाट पारित भएको छ । तर, क्रमश: गैरनाफामूलक बनाउने भन्ने शब्द हटाउनुपर्ने माग निजी विद्यालय सञ्चालकहरूको छ । यो विषय सुरुदेखि नै पेचिलो बनेको थियो । कम्पनीमा राखेर गैर नाफामूलक राख्न नहुने तर्क निजी विद्यालय सञ्चालकहरूको छ । 'कम्पनीमा लगेको २४ वर्ष भयो । बैंकको ऋणमा चलाएको छ । गुठीमा लैजान कानुनले पनि मिल्दैन,' एनप्याब्सनका अध्यक्ष सुवास न्यौपानले भने, 'सरकारले २ आर्थिक वर्षको बजेटले पनि मुआब्जा दिन सक्दैन ।'

सांसदहरूले निजी विद्यालयलाई १० देखि २० वर्षसम्मको सयम दिएर शैक्षिक गुठीमा ल्याउनुपर्ने संशोधन पनि हालेका थिए । संशोधनअनुसार निश्चित समय दिएर निजीलाई शैक्षिक गुठीमा ल्याउने विषयमा परामर्शमा सांसदहरूले प्रस्ताव राखेका छन् । छविलाल विश्वकर्मा नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनमा आवासीय र पोशाक सुविधाको प्रस्ताव गरिएको थियो ।

जसमा भनिएको थियो, 'पूर्ण छात्रवृत्ति भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा सम्झनु पर्छ ।' तर, निजी विद्यालय सञ्चालकहरूले पोशाक र आवासीय सुविधा हटाउन दबाब दिएका छन् ।

'निजी विद्यालयले सामाजिक उत्तरदायित्व वहन गर्नुपर्छ । विपन्नको लागि आवास र पोशाक सुविधा पनि हुनुपर्छ । विपन्नलाई देउ भनेको न हो । ५ सय जनामा ५० जनालाई दिन समस्या हुँदैन,' परामर्शका अर्का एक सदस्यले भने ।

तर, निजी विद्यालय सञ्चालकहरूले हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिने र छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्कमात्र रहनुपर्ने अडान राखेका छन् ।

यो विषयलाई लिएर प्याब्सन र एनप्याब्सनले बिहीबार देखि नै चरणबद्ध आन्दोलनको घोषणा गरेका छन् । तर, बिहीबार नै निजी विद्यालय सञ्चालकहरूले शिक्षा समितिसँग छलफल गरेका छन् ।

'चरणबद्ध आन्दोलनमा छौं । समितिसँग छलफल पनि भयो । कम्पनीमा रहेर गैरनाफामूलक भन्ने शब्द राख्न मिल्दैन हटाउन भनेका छौं,' एनप्याब्सनका अध्यक्ष सुवास न्यौपानले भने, 'पूर्ण छात्रवृत्ति पनि सम्भव छैन । १० प्रतिशतलाई कडाइकासाथ नियमन गरौं । यसमा पनि ३ लाख बच्चाले छात्रवृत्तिमा पढ्न पाउँछन् । तर पूर्ण छात्रवृत्ति भनेर आवास र पोशाक दिन सकिँदैन ।' गत २२ साउनमा बसेको समितिको बैठकमा बोलेका १९ जना सांसदले आवास र पोशाक सुविधा राख्नुपर्ने मत राखेका थिए । यो बहुमत सदस्यको आवाज हो ।

निजी विद्यालय मात्र होइन, शिक्षक महासंघले पनि भदौको दोस्रो साताबाट आन्दोलन गर्ने घोषणा गरिसकेको छ । शिक्षकको बढुवा, सरुवा, विभागीय कारबाही, अस्थायी प्रकृतिका शिक्षकको स्थायीत्व, ट्रेड युनियन, बालकक्षा शिक्षक, विद्यालय कर्मचारी तथा संस्थागत विद्यालयका शिक्षकको व्यवस्थापन, शिक्षक दरबन्दी मिलान सहमति अनुसार नभएको महासंघको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'आचार्य'पछि 'आ बाट आमा'मा जोडिइन् उषा

काठमाडौं/टिकटकबाट चर्चामा आएर म्यूजिक भिडियोमा सफल मोडलको रुपमा स्थापित उषा उप्रेती अब फिल्म अभिनयमा केन्द्रित हुने मनस्थितिमा देखिएकी छन् । केही महिनाअघि अभिनेता निखिल उप्रेतीको निर्देशनमा बन्न लागेको फिल्म 'आचार्य'मा अनुबन्धित भएकी उनले अब दोस्रो फिल्मको रुपमा 'आ बाट आमा' सम्झौता गरेकी छन् ।

बुधबार निर्माण पक्षले उषालाई फिल्मको प्रमुख पात्रमध्ये एक सशक्त भूमिकामा अनुबन्ध गरेको हो । उनको भूमिकाबारे भने जानकारी गराइएको छैन । एक सयभन्दा बढी म्यूजिक भिडियोमा काम गरिसकेकी उषाले अहिलेसम्म फिल्म अभिनयको अनुभव लिएकी छैनन् । 'आचार्य' र 'आ बाट आमा'मध्ये जुन अगाडि छायांकनमा जान्छ, त्यही उनको डेब्यु फिल्म हुनेछ ।

यसअघि यो फिल्ममा विपना थापा, पल शाह, सिमरन पन्त, दक्षिण भारतीय फिल्मका अभिनेता प्रदीप रावत अनुबन्ध भइसकेका छन् । फिल्ममा प्रदीप र विपना श्रीमान्-श्रीमतीको भूमिकामा देखिनेछन् भने पलले उनीहरुको छोराको भूमिका निभाउनेछन् । प्रदीप र विपनाले यसअघि 'ह्रस्व दीर्घ'मा पनि एकसाथ काम गरेका थिए ।

द्वन्द्व निर्देशकको रुपमा स्थापित चन्द्र पन्तको निर्देशनमा बन्न लागेको फिल्मको छायांकन आगामी भदौ अन्तिमबाट सुरु गरिने जनाइएको छ । आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्मलाई आगामी फागुन १५ गते प्रदर्शन गर्ने तयारीमा निर्माण टिम रहेको छ । फिल्मले आमा र छोराको भावनात्मक सम्बन्धको कथा भन्ने जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### एमसीसी अन्तर्गतका दुई वटा प्रशारण लाइन निर्माणका लागि ठेक्का सम्झौता

# एमसीसी म्याद तीनवर्ष, ४२ महिनाको ठेक्का सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) नेपाल परियोजना अन्तर्गत १५.४५ करोड डलर बराबरको दुईवटा प्रशारण लाइन निर्माणका लागि ठेक्का सम्झौता भएको छ ।

एमसिए नेपालले प्रतिष्पर्धात्मक अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियाबाट रातमाटे-नयाँदमौली प्रशारण लाइनको निर्माण सम्झौता एञ्जेलिक-स्किपर संयुक्त उपक्रम र नयाँदमौली-नयाँबुटवल प्रशारण लाइन निर्माण सम्झौता वाइबा-सलार संयुक्त उपक्रमसँग गरेको हो । अर्थ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, एमसीसीका कार्यवाहक उपाध्यक्ष, एमसीसी आवासीय राष्ट्रिय नियोगका प्रतिनिधिहरु, अमेरीकी दुतावासका अधिकारीहरुको उपस्थितिमा एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र दुई कम्पनीका प्रतिनिधिले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

यसका लागि संयुक्त लागत १५.४५ करोड अमेरिकी डलर रहेका यी सम्झौता अन्तर्गत १८० किलोमिटर लामो ४०० केभी प्रशारण लाइनको डिजाइन, स्थापना, परीक्षण र सञ्चालन लगायत काम गरिनेछ । हस्ताक्षर कार्यक्रममा बोल्दै




एमसीसीका कार्यवाहक उपाध्यक्ष जोन विङले नेपालमा बिजुलीको उपलब्धता र विश्वसनियतामा सुधार गर्नुका साथै क्षत्रीय विद्युत व्यापार र अन्तरआवद्धता अभिवृद्धि गर्न नेपाली समकक्षीहरुसँग मिलेर कामगर्न पाउँदा गौरवान्वित भएको बताए ।

अमेरिकाले अनुदान स्थगित गरेर फुकुवा समेत गरेपछि एमसिएले काम अघि बढाएको हो । अब प्रसारण लाइनतर्फ ११७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडाको ठेक्का सम्झौता हुन बाँकी रहेको छ । यसमा नेपालका सहित छ वटा कम्पनीले टेन्डर पेश गरेका छन् । नेपाली समेत रहेको आशिष-बोजलार जेभीले १६ करोड १४ लाख ९४ हजार डलर र सगुन-सलार जेभीले ११ करोड १५ लाख आठ हजार डलरमा काम गर्ने गरी टेन्डर पेश गरेको समाचारमा बताइएको छ ।

सम्झौतापछि न्युज एजेन्सी नेपालसँग कुराकानी गर्दै एमसीए-नेपालका कार्यकारी निर्देशक विष्टले ३१५ मिटरको कुल प्रशारण लाइनमध्ये १८ किमिको गतवर्ष नै सम्झौता भएको बताए । उनले बिहीवार १८० किलोमिटर प्रशारणलाइनका लागि सम्झौता भएको जानकारी दिए । '३१५ मिटरको कुल प्रशारण लाइनमध्ये १८ किमिको गतवर्ष नै सम्झौता भएको थियो । ३१५ मध्ये २९७ किमि प्रशारण लाइनको सम्झौता गर्न बाँकी थियो यो सम्झौतापछि १८० किलोमिटर प्रशारणलाइनका लागि सम्झौता भएको छ । अब अर्को लट ११७ किमि प्रशारण लाइनको केही दिनमै सम्झौता गर्ने तयारी छ । सम्झौता गरिसकेपछि एउटा डेट तोकिएको हुन्छ, त्यो अवधीभित्र निर्माणपक्षले सम्पन्न गर्नुपर्ने हुन्छ ।'

कार्यकारी निर्देशक विष्टले भने, 'इफक्टिभ डेट भन्छौं त्यो डेट भनेको ४२ महिना हो । तर, त्यो भन्दा कन्ट्रयाक्टरले त्यो भन्दा अगाडि गर्न सक्छ । सम्झौतासँगै काम सुरु भयो भन्ने बुझौं । यसको लागत एउटा परियोजनाको ७ करोड ६० लाख छ भने अर्को परियोजनाको ७ करोड ४० लाख डलर रहेको छ ।

लगभग दुवै परियोजनाको लागत बराबर छ ।' कार्यकारी निर्देशक विष्टले एमसीसी परियोजनालाई नेपालमा समयमै सम्पन्न गराउनका लागि एमसीए नेपाल लागिरहेको बताए । उनका अनुसार अहिलेसम्मका काम प्रभावकारी हिसावले नै अघि बढिरहेका छन् ।

# मध्यवर्ती खारेजीको मागमा मनहरी र पदमपोखरीमा हस्ताक्षर अभियान




साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र खारेजको मागसहित बिहीबार मनहरी गाउँपालिका-४ नयाँबस्तीबाट हस्ताक्षर संकलन अभियान सुरु गरेका छन् ।

संघर्ष समिति अध्यक्ष शिशुपाल बस्नेतको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रमुखअतिथि मनहरी गाउँपालिका संघर्ष समिति अध्यक्ष क्षेत्रबहादुर मुक्तान रहेका थिए । सहभागीले मध्यवर्ती क्षेत्रका कारण दशौं वर्षदेखि आफ्नो जग्गाको नापजाँच रोकिएको, लालपुर्जा नपाएको र सरकारी निकायले बारम्बार आश्वासन मात्र दिएको गुनासो गरे । 'चुनाव आउँदा नेता-कार्यकर्ताले मीठा सपना देखाउँछन् तर, पाँच वर्षसम्म हामी पीडामा बस्छौं,' सहभागीको आक्रोश थियो ।

उनीहरुले निकुञ्जले जनतालाई उल्टै दु:ख दिने गरेको आरोप लगाए । मापदण्ड र कानुनी अड्चनका नाममा जीवन असुरक्षित र भविष्य अनिश्चित बनेको उनीहरुको भनाइ छ । अभियानमा संकलित हस्ताक्षर केन्द्र र प्रदेश सरकारसम्म पुऱ्याइ मध्यवर्ती क्षेत्र खारेज र स्थायी बसोबासको हक सुनिश्चित गर्न संघर्ष समिति प्रतिबद्ध रहेको प्रमुखअथिति मुक्तानले बताए । यस्तै मनहरी गाउँपालिका वडा नम्बर ५ मा पनि मध्यवर्ती खारेजीको माग गर्दै हस्ताक्षर संकलन सुरु गरिसकेको छ । कार्यक्रममा विभिन्न राजनीतिक दलका स्थानीय नेताले ऐक्यबद्धता जनाएका छन् ।

यसअघि, हेटौंडा-१३ पदमपोखरीमा साउन २५ गतेदेखि हस्ताक्षर संकलन अभियान सुरु भइसकेको छ । मनहरीका बासिन्दाले पनि बस्तीलाई मध्यवर्ती क्षेत्रबाट हटाउने सरकारी तयारीको विरोधमा हस्ताक्षर अभियान थालेका छन् । भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बस्ती संघर्ष समितिका संयोजक सूर्य थोकरका अनुसार संकलित हस्ताक्षर स्थानीय, प्रदेश र संघीय सरकारलाई बुझाइने छ, र माग सम्बोधन नभए थप आन्दोलन गरिने चेतावनी दिइएको छ । सहभागीले वि.सं. २०११ मा हेटौंडा-१२, १३, १४ र वि.सं. १९९५ मा मनहरीको गोगनपानी क्षेत्रमा बसोबास सुरु भइसकेको भए पनि ती क्षेत्रलाई पछि राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पार्नु अन्यायपूर्ण भएको दाबी गरे ।

उनीहरूले राष्ट्रिय निकुञ्ज ऐन २०२८ र मध्यवर्ती क्षेत्र नियमावली २०५२ अन्तर्गत वि.सं. २०६३ यता गरिएको चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा गाभ्ने प्रक्रिया खारेज गर्न माग गरे । पदमपोखरी चोकमा भएको कार्यक्रममा विभिन्न राजनीतिक दलका स्थानीय नेताले ऐक्यबद्धता जनाएका थिए । जसमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा (एमाले) र राप्रपाका प्रतिनिधिको सहभागिता थियो ।

# मलेसियामा सिन्डिकेटको हल्लाले मेनपावर व्यवसायी तर्सिए, मन्त्रालय भन्छ-हावादारी कुरा हो

काठमाडौं/मलेसियाको वैदेशिक रोजगारीमा निश्चित व्यवसायीहरूको एकाधिकार (सिण्डिकेट) लागू हुने चर्चाले नेपाली मेनपावर व्यवसायीहरू त्रसित र हैरान बनेका छन् । कसले र कुन आधारमा सिण्डिकेट लागू गर्न लागेको हो भन्ने कुनै आधिकारिक जानकारी बाहिर नआए पनि विभिन्न सञ्चारमाध्यममा आएका समाचारका आधारमा व्यवसायीहरूले सरकारका विभिन्न निकायमा ध्यानाकर्षण गराउन थालेका छन् ।

उनीहरूले सभामुख, संसदीय समितिका सभापति, मन्त्री तथा प्रधानमन्त्रीसम्मलाई ज्ञापनपत्र बुझाउँदै यस्तो व्यवस्था लागू हुन नदिन माग गरेका छन् । तर, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरूले भने यसलाई 'हावा कुरा' को संज्ञा दिँदै कुनै पनि हालतमा सिण्डिकेट लागू नहुने र हुन नदिने अडान स्पष्ट पारेका छन् ।

**व्यवसायीको ज्ञापनपत्र: "बंगलादेशी मोडेल" को डर**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च लगायतका संस्थाहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । उनीहरूले मलेसियामा सिण्डिकेट लगाउन केही नेपाली व्यवसायीहरू लागिरहेको दाबी गर्दै आएका छन् ।

साउन २६ गते मात्रै प्रगतिशील मञ्चले सभामुख देवराज घिमिरे र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापतिलाई ज्ञापनपत्र बुझाउँदै मलेसियामा आप्रवासी कामदार भर्ना प्रक्रियालाई प्रणालीगत रूपमा नियन्त्रण गर्न खोजिएको भन्दै गम्भीर चासो व्यक्त गरेको छ । मञ्चका अध्यक्ष जनक रावलद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा ठूलो आर्थिक चलखेल गरेर निश्चित व्यवसायीलाई मात्र भर्ना प्रक्रियामा सामेल गराउने वा नेपालमा समस्या खडा गरी अन्य देशबाट कामदार लैजाने प्रपञ्च हुन सक्ने आशंका गरिएको छ ।

ज्ञापनपत्रमा बंगलादेशमा जन्मिएर पछि मलेसियाको नागरिक बनेका अमिनुल इस्लाम अब्दुल नुरले सञ्चालन गरेको फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (FWCMS) मार्फत एकाधिकार कायम गर्न खोजिएको आरोप लगाइएको छ । 'उनीमाथि गम्भीर आपराधिक श्रमिक शोषणको आरोप लागेकाले बङ्गलादेश सरकारले उनको खोजी गर्न अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) मार्फत रेड कर्नर नोटिससमेत जारी गरेको छ,' ज्ञापनपत्रमा उल्लेख छ ।

मञ्चले बंगलादेशमा यस्तै एकाधिकार प्रणाली असफल भएको, हजारौं श्रमिक आर्थिक शोषणमा परेको र अन्तत: बन्द गर्नुपरेको उदाहरण दिँदै नेपालमा यस्तो प्रणाली भित्र्याउन नहुनेमा जोड दिएको छ । नेपालको संविधानको धारा ५१ (झ) को (५) ले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउने दायित्व राज्यको भएको स्मरण गराउँदै सिण्डिकेट प्रवृत्ति संवैधानिक मान्यताको प्रतिकूल हुने तर्क गरेको छ ।

त्यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च लगायतले समेत मलेसियामा सिण्डिकेट लागू गर्न खोजिएको भन्दै आपत्ति जनाएका थिए । उनीहरूले सिमित व्यवसायीले आर्थिक चलखेल गर्दै सिण्डिकेट लागू गर्न खोजिरहेको आरोप लगाएका थिए ।

**जनक रावलको तर्क: "सिन्डिकेटको जेन्युइन आधार छ"**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावलले सिन्डिकेटको हल्ला निराधार नभएको र यसको पछाडि ठोस कारणहरू रहेको दाबी गरेका छन् । नेपाल र मलेसियाबीचको श्रम समझदारी (एमओयु) नवीकरण नहुनु नै शंकाको मुख्य आधार भएको उनको भनाइ छ ।

मलेसियाले यही एमओयुमा इ-भिसा, इ-बायोमेट्रिक, र इ-रिक्रुटमेन्ट जस्ता नयाँ प्रावधानहरू घुसाएर 'एफडब्लुसीएमएस' (WCMS) नामक प्रणालीमार्फत केही सीमित संस्थालाई मात्रै कामदार पठाउने पहुँच दिन खोजेको उनको आरोप छ । रावलले मलेसियाको अब्दुल नुर र उनको संस्था एफडब्लुसी एमएसले यसअघि मेडिकल क्षेत्रमा सिन्डिकेट लागू गरेको उदाहरण दिँदै अहिले पनि त्यही प्रयास भइरहेको बताए। मलेसिया सरकारले नेपालको दूतावासलाई यी विषयहरू एमओयुमा समावेश गर्न दबाब दिइरहेको सूचना आफूहरूसम्म आएको उनको भनाइ छ।

यद्यपि नेपालका मन्त्री, सचिव र उपप्रधानमन्त्रीले सिन्डिकेट लागू हुन नदिने आश्वासन दिए पनि मलेसियामा भइरहेको चलखेलका कारण आफूहरू ढुक्क हुन नसकेको बताए। जसले गर्दा सरकारका विभिन्न निकायमा ज्ञापनपत्र बुझाउँदै हिँड्नुपरेको रावलले स्पष्ट पारे ।

**भुवनसिंह गुरूङको तर्क: "सिन्डिकेटधारीको स्यालहुइयाँ मात्र हो"**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरूङले भने यो हल्लालाई सिन्डिकेट लगाउन खोज्ने केही व्यक्तिको 'स्यालहुइयाँ' को संज्ञा दिएका छन् । बजारको प्रतिक्रिया बुझ्नका लागि सिन्डिकेट लागू हुन लागेको भनेर हल्ला फैलाइएको उनको तर्क छ । व्यवसायीहरूलाई त्रसित बनाएर आफ्नो स्वार्थ पूरा गर्ने यो एक चालबाजी मात्र भएको उनी बताउँछन् ।

गुरूङले आफ्नो संघ सिन्डिकेटको पूर्ण विपक्षमा रहेको र कुनै पनि हालतमा यस्तो व्यवस्था स्वीकार्य नहुने बताए । नेपाल सरकारले समेत दुई-दुई पटक विज्ञप्ति निकालेर सिन्डिकेट लागू नहुने स्पष्ट पारिसकेको अवस्थामा केही समूहले संघलाई 'बाइपास' गरेर ज्ञापनपत्र बुझाउँदै हिँड्नुको अर्थ नभएको उनको भनाइ छ । गुरूङले व्यवसायीका कुनै पनि समस्या भए संघमा आएर छलफल गर्न र एकढिक्का भएर अघि बढ्न आह्वान गरे ।

**मन्त्रालयको स्पष्ट अडान: "सिण्डिकेटको सोच पनि छैन"**

श्रम मन्त्रालयले भने व्यवसायीहरूको त्रासलाई अनावश्यक र हल्लाको पछि लागेको जनाएको छ । 'हावा कुरा फैलाएर हुन्छ ? यस्तो सिन्डिकेट केही हुँदैन,' मन्त्रालयका एक अधिकारीले भने, 'मन्त्रीज्यूले यो विषयमा ५-६ पटक नै कुनै पनि किसिमको सिन्डिकेट हुँदैन भनेर स्पष्ट पारिसक्नुभएको छ ।'

बंगलादेशी नागरिक अमिनुलले नै 'सिन्डिकेट लगायो, लगायो' भनेर हल्ला चलाइरहेको र केही व्यवसायी त्यही हल्लाको पछि लागेर ज्ञापनपत्र बुझाउँदै हिँडेको मन्त्रालयको बुझाइ छ। 'सिन्डिकेट लाउने मलेसियाको कुरामा त्यो कुनै किसिमको मन्त्रालयको सोच पनि छैन, गर्न पनि हुँदैन,' ती अधिकारीले भने, 'हाम्रो ऐनले पनि भन्दैन, हाम्रो संविधानले पनि त्यस्तो गर्न मिल्दैन। ओपन इकोनोमीमा यस्ता किसिमको कुरा स्वीकार्य हुँदैन।'

व्यवसायीहरूले आफ्नो हकहितको लागि कुरा गर्नु स्वाभाविक भए पनि सानो अनलाइन वा पत्रिकाको भर परेर आत्तिनुपर्ने अवस्था नरहेको उनले बताए । 'बंगलादेशमा सिन्डिकेट लगाएर सफल भएका व्यक्तिले यहाँ पनि मलेसियाका अधिकारीहरूलाई लगाएर प्रयास गर्न खोजेको भन्ने कुरा आएको छ,' अधिकारीले भने, 'तर हाम्रो संविधान, कानुन र कार्यविधिले दिँदैन। यस्तो किसिमको प्रस्ताव आयो भने मन्त्रालयले मान्दैन, यो हाम्रो स्पष्ट धारणा हो।'

*(स्रोत: अनलाइनखबर)*

# प्याब्सनले बुझाएको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ निजी तथा आवासीय विद्यालय सञ्चालकहरुको संगठन (प्याब्सन) मकवानपुर र हेटौंडा नगरसमितिले शिक्षा विधेयकका केही प्रावधानप्रति असन्तुष्टि जनाउँदै हेटौंडा उपमहानगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी र हेटौंडा नगर समितिका अध्यक्ष राजकुमार श्रेष्ठको टोलीले संयुक्त रुपमा बिहीबार उपमहानगरपालिकालाई उपप्रमुख राजेश बानियाँलाई ज्ञापनपत्र बुझाएको हो । केन्द्रीय कार्यसमितिको निर्देशनअनुसार देशभरका पालिकामा ज्ञापनपत्र बुझाउने अभियानअन्तर्गत हेटौंडामा पनि ज्ञापनपत्र बुझाइएको मकवानपुरका अध्यक्ष सुवेदीले जानकारी दिए । शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्ने गरी ल्याइएको विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन तथा एकीकरण विधेयक २०८० मा समावेश केही धाराहरुमा संगठनको आपत्ति रहेको उनले बताए ।

ज्ञापनपत्रमा निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक बनाउनुपर्ने भनाइ हटाउन, 'पूर्णछात्रवृत्ति' भन्ने शब्दावली संशोधन गर्न, हाल प्रचलनमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिन तथा छात्रवृत्तिमा भर्ना, वार्षिक र मासिक शुल्क मात्र समावेश गर्नुपर्ने माग राखिएको छ । विधेयकका कतिपय बुँदाहरु शिक्षा ऐन र कम्पनी ऐन दुवैसँग विसंगत भएको दाबी गर्दै ती संशोधन गर्नुपर्ने उनीहरुको धारणा छ ।

सरकारले प्रस्तावित १५ प्रतिशत छात्रवृत्तिमा बसोबास, पोसाक र खानपानसम्म समावेश गर्न खोज्नु व्यवहारिक नभएको र संस्थागत विद्यालयमाथि अनावश्यक बोझ थोपर्ने कार्य भएको उनीहरुको ठहर छ । यसैगरी प्याब्सन थाहानगर समितिले पनि शिक्षा विधेयकमा असन्तुष्टि जनाउँदै प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र शिक्षा शाखाप्रमुख माधवविक्रम मल्ललाई ज्ञापनपत्र बुझाएको छ ।

# मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता : कर्मकाण्ड कि परिणाम ल्याउने प्रयास ?

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओलीले विगत वर्ष जस्तै यसपालि पनि बिहीबार मन्त्रीहरूसँग वार्षिक कार्यसम्पादन सम्झौता गरे । उक्त सम्झौताका क्रममा उनले भने युगान्तकारी (गेम चेन्जर) काम गर्न सबै मन्त्री र सचिवहरूलाई निर्देशन दिए । सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादकत्व बढाउने र गरिबीको दुष्चक्रबाट मुलुकलाई बाहिर ल्याउने गरी तीव्रताका साथ कानम गर्नुपर्नेमा जोड दिए ।

उनले आगामी मङ्सिर भित्र दैलेखको मिथेन ग्यासको परीक्षण उत्पादन गराउन, चीनमा निर्यात गर्ने गरी सबै किसानलाई व्यावसायिक भैंसी पालन गराउन, खेतीमा अर्ग्यानिक अभियान सञ्चालन गर्न, सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन, ज्येष्ठ नागिरक संवाद भवनहरु बनाउन, दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता समयमा आयोजना गर्न, कीर्तिपुर क्रिकेट रंगशाला छिटो निर्माण सक्न, भक्तपुरमा ठूलो रंगशाला निर्माणको तयारी गर्न सम्बन्धित मन्त्रीहरुलाई ध्यानाकर्षण गराए ।

अन्तरिक्षमा नेपालको आफ्नै अर्बिटलाई उपयोग गर्न, आफ्नै रेल र सेक्युरिटी प्रेस सञ्चालनमा ल्याउन आग्रह गर्दै रेलवे विस्तार गर्न, सुनकोशी-मरिन, भेरी-बबई तथा काठमाडौं-तराई मधेस द्रूत मार्गजस्ता आयोजनाको काम छिटो सक्न, योग-आरोग्यताको अभियान सञ्चालन गर्न र मापदण्डका आधारमा कर्मचारीको सरुवा गर्न पनि उनले मन्त्रीहरूलाई आग्रह गरे ।

'मेरा यी कुराहरु प्रतिनिधिमूलक मात्रै हुन्, एवं रितले सबै मन्त्रीहरुले आफ्नो मन्त्रालयमा के नयाँ र परिवर्तनकारी काम गर्न सकिन्छ योजना बनाउनुस्, आउने भदौको अन्तिमतिर फेरि बसेर त्यस्ता काम निर्धारण गरेर अगाडि बढौं', प्रधानमन्त्री ओलीले भने,'मौलिक ढंगले हामी अघि बढ्नुपर्छ । साँच्चै माइलस्टोन हुने खालका काम गरौं।' पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरू तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमै आरम्भ भएको हो । तर सम्झौता कर्मकाण्डी जस्तो मात्र हुने गरेको छ ।

प्रधानमन्त्रीले मन्त्रीहरूसँग कार्यसम्पादन त गर्ने गरेका छन् । अभ्यासका हिसाबले यो ठीकै भए पनि सम्झौता अनुसार कार्यान्वयन हुन नसकेको पाटोको मूल्यांकन हुन सकेको छैन । त्यसैले कार्यसम्पादन सम्झौता कर्मकाण्डी जस्तो भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना